# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, श्रावण २३ गते, २०७९ साल (अतिरिक्ताङ्क ७


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७९ सालको ऐन नं. ०५**

**प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेशसभा सचिवालय सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेशसभा सचिवालय सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेशसभा सचिवालय सम्बन्धी ऐन, २०७५ को दफा २ मा संशोधन**: प्रदेशसभा सचिवालय सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) र (ज) को सट्टा देहायका खण्ड (छ) र (ज) राखिएका छन्:-

"(छ) "सचिव" भन्नाले नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम नियुक्त प्रदेशसभाको सचिव सम्झनु पर्छ। त्यस्तो सचिव विशिष्ट श्रेणीको हुने र सचिवको पद र मर्यादा प्रदेश सरकारको प्रमुख सचिव सरह हुनेछ।

(ज) "कर्मचारी" भन्नाले सचिव लगायत प्रदेशसभा सेवाका कर्मचारी, प्रदेश सरकार र नेपाल सरकारले प्रदेशसभा सचिवालयमा काम गर्न खटाएका कर्मचारी र मर्यादापालक समेतलाई जनाउँछ।"

३. **मूल ऐनको दफा ६ मा संशोधन**: मूल ऐनको दफा ६ को उपदफा (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) प्रदेशसभा सेवामा रहने कर्मचारीको दरबन्दी र सेवा सुविधा निर्धारण गर्ने।"

४. **मूल ऐनको दफा १२ मा संशोधन**: मूल ऐनको दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) आफ्नो निजी सवारी साधन प्रयोग गर्ने सचिवलाई चालकको लागि प्रदेश सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अङ्क बराबरको रकम र सवारी मर्मत तथा सम्भार वापत् प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको रकम तथा उपदफा (१) बमोजिम पाउने इन्धन र मोबिल उपलब्ध गराइनेछ।"

५. **मूल ऐनको दफा १७ मा संशोधन**: मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७. **आवास सुविधाः** प्रदेशसभा सचिवालयले सचिवलाई आवास सुविधा उपलब्ध गराउनेछ।"

**६. मूल ऐनमा दफा १९क. थपः मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएको छः-**

"१९क. **निजी सचिवको सुविधा र अन्य सुविधाः** (१) सचिवले प्रदेश सरकारको सहायक स्तर पाँचौ तहको कर्मचारी सरहको निजी सचिव नियुक्त गर्न सक्नेछ र त्यस्तो निजी सचिवलाई उल्लिखित पदले प्रचलित ऐन नियमबमोजिम पाउने तलबमानको शुरू अङ्क बराबरको मासिक पारिश्रमिक र सोही रकम बराबरको चाडपर्व खर्च वर्षको एक पटक सचिवालयले व्यहोर्नेछ।

(२) यस परिच्छेदमा उल्लेख भएका सुविधाहरूको अतिरिक्त अन्य सुविधाहरू सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह सचिवालयले उपलब्ध गराउनेछ।"

७. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश सभा सेवा गठन भई कार्यान्वयन नभएसम्म सचिवालयमा आवश्यक पर्ने कर्मचारी प्रदेश सरकार वा नेपाल सरकारले उपलब्ध गराउनेछ। ऐनको दफा २ को खण्ड (ज) मा उल्लिखित प्रदेश सभा सचिवालयमा कार्यरत कर्मचारीलाई सार्वजनिक विदाको दिन र कार्यालय समय बाहेकको समयमा प्रदेश सभा र सभाका समितिको बैठकमा वा सोसँग सम्बन्धित अन्य कार्यमा खटाउनु परेमा मर्यादापालक बाहेकका कर्मचारीलाई प्रदेश सभाका सदस्यहरूले पाउने बैठक भत्ता सरहको रकम र मर्यादापालकलाई उल्लिखित भत्ताको आधा रकम उपलब्ध गराइनेछ।"

प्रमाणिकरण मितिः २०७९/०४/२३

आज्ञाले
कृष्ण प्रसाद उपाध्यय
प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय